आज मिति २०८३ वैशाख १२ गते शनिवारका दिन खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा कार्यपालिकाको औं बैठक देहाय अनुसारका निर्णय गरी सम्पन्न भयो।

उपस्थिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मिङमा छिरी शेर्पा | अध्यक्ष | |
| २ | श्री टासी ल्हमु शेर्पा | उपाध्यक्ष | |
| ३ | श्री फुनुरु शेर्पा | कार्यपालिका सदस्य | |
| ४ | श्री आङ फुर्वा शेर्पा | कार्यपालिका सदस्य | |
| ५ | श्री नुरु जाङ्बु शेर्पा | कार्यपालिका सदस्य | |
| ६ | श्री लक्ष्मण अधिकारी | कार्यपालिका सदस्य | |
| ७ | श्री पासाङ ग्याल्जेन शेर्पा | कार्यपालिका सदस्य | |
| ८ | श्री आङ माया शेर्पा | कार्यपालिका सदस्य | |
| ९ | श्री डिमा याङ्जिन शेर्पा | कार्यपालिका सदस्य | |
| १० | श्री पासाङ डोमा शेर्पा | कार्यपालिका सदस्य | |
| ११ | श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | श्री ल्हाक्पा गेल्जेन शेर्पा | कार्यपालिका सदस्य | |
| १३ | श्री ल्हाक्पा छिरी शेर्पा | कार्यपालिका सदस्य | |
| १४ | श्री नवराज गौतम | सदस्य सचिव | |
| १५ | श्री सुजन कुमार बुढाथोकी | प्रशासकीय अधिकृत | |
| १६ | श्री काशीराम खड्का | ईञ्जिनियर | |
| १७ | श्री चेतनाथ कटेल | लेखा अधिकृत | |
| १८ | श्री मञ्जु श्री शर्मा निरौला | अधिकृत (प्रशासन) | |

| | | | |
|---|---|---|---|
| १९ | श्री सम्झौता भट्टराई | महिला विकास अधिकृत | |
| २० | श्री धन प्रसाद आचार्य | अधिकृत छैटौं (प्रशासन) | |
| २१ | श्री दिप कुमार बस्नेत | ईञ्जिनियर | |
| २२ | श्री भेष बहादुर घिमिरे | पशु विकास अधिकृत | |
| २३ | श्री बिशाल काफ्ले | सूचना प्रविधि अधिकृत | |
| २४ | श्री डम्बर कुमारी खड्का | स्वास्थ्य शाखा प्रमुख | |
| २५ | श्री लक्ष्मी प्रसाद सेढाई | कृषि विकास शाखा | |
| २६ | श्री सङ्गीता बराईली | उद्यम विकास सहजकर्ता | |

**निर्णय नं. १**

खुम्बु पासाङल्हामु गाउँपालिकाको चालु आ.व. ०८२।०८३ मा कार्यान्वयन भई रहेका योजना तथा कार्यक्रमको कार्यान्वयनको समीक्षा गर्दा योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन प्राविधिक परिचालन गर्ने।

**निर्णय नं. २**

खुम्बु पासाङल्हामु गाउँपालिकामा रहेको अनुगमन समिति तथा पूर्वाधार विकास तथा विपद् व्यवस्थापन शाखाले मिति २०८२ चैत्र २१ गते देखि २६ गते सम्म वडा नं. १ मा सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन गरी पेश गरेको प्रतिवेदन अनुमोदन गर्ने।

**निर्णय नं. ३**

चालु आ.व. मा कार्यान्वयन हुने देहाय अनुसारका योजनाको बजेट स्रोत सुनिशिचत गरी वहुवर्षीय योजनाको रूपमा कार्यान्वयन प्रक्रिया अघि बढाउने।

क) नाम्चे वस्ति भित्रको बाटो निर्माण योजना

ख) खरिखोला MRF निर्माण योजना

ग) पालिका परिसरमा थप भवन निर्माण योजना

**निर्णय नं. ४**

खुम्बु पासाङल्हामु गाउँपालिकाको गाई प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ स्वीकृत गर्ने।

**निर्णय नं. ५**

खुम्बु पासाङल्हामु गाउँपालिकाको शिक्षा समितिले मिति २०८१।०१।०४ गते गरेका निर्णय अनुमोदन गर्ने।

**निर्णय नं. ६**

चालु आ.व. मा विनियोजन गरिएको व्याडमिन्टन प्रतियोगिता कार्यक्रम मिति २०८२ जेठ १५-१७ गते सम्म वडा नं. २ लुक्लामा रहेको हिमालयन युवा क्लबको कभर्डहलमा आयोजना गर्ने।

**निर्णय नं. ७**

सुर्के-मुसे-चौंरीखर्क सडकको ट्र्याक खोल्ने कार्य सुरु भए सँगै नासागारा देखि मुसे सम्मको भागमा बिष्फोटक पदार्थ प्रयोग गरी कार्य गर्नु पर्ने भएको हुँदा हाल पदमार्ग रहेको स्थानबाट ट्र्याक ओपनको कार्य हुने हुँदा उक्त

स्थानमा वैकल्पिक बाटो निर्माण गर्नका लागि प्राविधिकले तयार गरेको लागत अनुमान अनुसार रू ७,२०,०००।० (सात लाख बिस हजार) सुर्के-नासागारा-चौंरीखर्क सडकको ट्र्याक ओपनको कन्टिन्जेसी शीर्षकबाट खर्च गर्ने ।

**निर्णय नं. ८**

खुम्बु पासाङल्हामु गाउँपालिकाको स्वीकृत दरबन्दी संरचना अनुसार रिक्त रहेका पदमा स्थायी पदपूर्तिको प्रक्रिया सुरु भई सकेको हुँदा कर्मचारीको पदपूर्ती भएसँगै कर्मचारीको लागि आवश्यक कार्यस्थलको अभाव हुन नदिन साथै भूमी प्रशासन सेवा सञ्चालन गर्न हाल हलको रूपमा सञ्चालनमा रहेको भवनलाई प्राविधिक नापजाँच गरी पार्टेसन गर्ने र उक्त कार्यका लागि प्राविधिकले तयार गरेको लागत अनुमान अनुसार चालु आ.व.मा "गाउँपालिका तथा अन्तर्गतका संरचनाको नियमित मर्मत संभार" शीर्षकमा विनियोजन गरेको बजेट बाट खर्च गर्ने ।

**निर्णय नं. ९**

गाउँपालिकाको माथिल्लो हिमाली क्षेत्रमा आमादब्लम मिनि हाइड्रो निर्माणाधिन रहेको तर स्थानीय तहको सीमित स्रोत साधन तथा बजेटले मात्त विद्युतिकरण तथा प्रशारण लाइन विस्तारको आयोजनालाई पूर्णता दिन असम्भव रहेका कारण विद्युत प्रशारण लाईन निर्माण गरी स्थानीस्तरमा विद्युतिकरण कार्य गर्न अनुरोध गर्दै मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कोशी प्रदेशलाई पत्र पठाउने ।

**निर्माण नं. १०**

खुम्बु पासांल्हामु गाउँपालिकाले Fire and Rescue कार्यक्रम सञ्चालन गर्नको लागि बजेट विनियोजन गरिएको र पहिलो चरणको कार्यक्रम सम्पन्न भई सकेको हुँदा दोस्रो चरणको खोज तथा उद्धार सम्बन्धी कार्यक्रम Everest Fire and Rescue को सहकार्यमा Scottish Firefighter  Trainer समावेश गरी सञ्चालन गर्ने र सो को आवश्यक बजेट रू. ८,००,०००।०० (आठ लाख) मात्र विपद् जोखिम न्यूनिकरणका लागि (वडा स्तरमा आपत्कालिन सामग्री खरिद तथा व्यवस्थापन) शीर्षकमा विनियोजित बजेटबाट टेण्डर पश्चात बाँकी रहेको बजेटबाट खर्च गर्ने ।

**निर्णय नं. ११**

कोशी प्रदेश अन्तर्गत भोटेखोला गाउँपालिकाका अध्यक्षको किड्नी फेल भई फेर्नको लागि आवश्यक रकम सहयोगको लागि जानकारी प्राप्त भएको हुँदा उँहालाई रू ५०,०००।०० आर्थिक सहयोग शीर्षकबाट उपलब्ध गराउने ।

**निर्णय नं. १२**

खुम्बु पासाङल्हामु गाउँपालिकामा सञ्चालित काँडे खानेपनी योजना सम्पन्न गर्नको लागि आवश्यक पर्ने पाईप प्रविधिक लागत अनुसार कार्यालयबाट खरिद गरी उपभोक्ता समिति मार्फत गराउने र सोको लागि आवश्यक पर्ने बजेट डिम दोर्जी शेर्पा पर्यटन सडक प्याकेज ओपन कन्टेन्जेन्सी शीर्षकबाट गर्ने ।

**निर्णय नं. १३**

लुक्ला बजारमा ढल व्यवस्थापनका लागि परियोजना विकास गर्न खानेपानी तथा ढल व्यवस्थापन निर्माण तथा सम्भाव्यता अध्ययन भई रहेको हुँदा उक्त परियोजना सञ्चालनका लागि आवश्यक जग्गा साविक चौंरीखर्क गा विस वडा नं. ८ को कि नं. ४१८ र ४१९ को जग्गा सिफारिस गर्ने साथै परियोजना हस्तान्तरण पश्चात सञ्चालन तथा मर्मत संभारको जिम्मेवारी यस गाउँपालिकाले लिने लिखित प्रतिवद्धता पठाउने ।

**निर्णय नं. १४**

खुम्बु पासाङल्हामु गाउँपालिकाले चालु आ.व. मा कार्यान्वयनका लागि उपभोक्ता समितिसँग सम्झौता भई सकेका देहाय अनुसारका योजनाको म्याद २०८३ असार २० गते सम्मको लागि थप गर्ने ।

तपसिल

| क्र.सं. | योजनाको नाम | अन्तिम म्याद | स्थान |
|---|---|---|---|
| १ | तोपडाँडा एभरेष्टभ्यु प्वाइन्ट व्यवस्थापन | २०८३।१।२४ | वडा नं. ५, नाम्चे |
| २ | जारोक वस्तिभित्रको बाटो निर्माण | २०८३।१।२१ | वडा नं. ५, नाम्चे |
| ३ | टासील्हाप्चा पास बाटो निर्माण | २०८३।१।२४ | वडा नं. ५, टासील्हाप्चा |
| ४ | थामे बस्तिभित्र बाटो निर्माण | २०८३।१।३० | वडा नं. ५, थामे |

**निर्णय नं. १५**

वडा नं. ३ को सार्वजनिक शौचालय व्यवस्थापनको लागि आवश्यक जनशक्ति दैनिक ज्यालादारीमा लगाई भुक्तानीको लागि वडाले पालिकामा पेश गर्ने सोको खर्च सार्वजनिक शौचालय व्यवस्थापन शिर्षकबाट गर्ने ।

**निर्णय नं. १६**

यस गाउँपलिकाको वडा नं.४ मा फोहोरमैला व्यवस्थापन गर्न सहयोग गर्नको लागि हिमालयन म्यूजियम एण्ड सस्टेनेबल पार्क नामक संस्थाले विभिन्न दाताहरुको सहयोगमा खुम्बु पासाङल्हामु गाउँपालिकामा Sagarmatha Next Phase -3 नामको कार्यक्रम सञ्चालन गर्न सिफारीस गर्ने।

**निर्णय नं. १७**

यस खुम्बु पासाङल्हामु गाउँपालिकाका सामुदायिक तथा घरपालुवा कुकुर/बिरालोको बन्ध्याकरण र खोपमार्फत संख्या नियन्त्रण गरी जनस्वास्थ्य र पशुधन संरक्षण गर्न वाञ्छनीय भएकोले कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ स्वीकृत गर्ने ।